**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**हुलाक सेवा विभाग**
**गोश्वारा हुलाक कार्यालय**
**सुन्धारा, काठमाडौं**

# हुलाक वस्तुहरु लिलाम सम्वन्धी शिलवन्दी वोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति** **२०७६।०२।०६**
**दोश्रो पटक प्रकाशित मिति** **२०७६।०३।०६**

यस कार्यालय अर्न्तगत शाखाहरुमा आन्तरिक तथा वाह्य रुपमा प्राप्त भएका हुलाक वस्तुहरु विभिन्न कारणहरुवाट डेलिभरी हुन नसकि लिलाम विकि गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति,मूल्य अभिबृद्धि कर र आयकर दर्ता प्रमाण पत्र प्राप्त रजिष्टर्ड फर्म, कम्पनीहरु वा संस्था मध्येबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र रु.१० को टिकट टाँसी रु.१०००/- (फिर्ता नहुने) जम्मा गरी यस सूचनामा उल्लखित शर्तहरुको अधिनमा रही रीतपूर्बकको वोलपत्र खरिद गरी नियमानुसार शिलवन्दी वोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । बोलपत्र ८ औ दिनको १२:०० बजे सम्म बुझाई सक्नुपर्ने र सोही दिन २:०० बजे खोलिने भएकोले सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना दोश्रो पटक प्रकाशित गरिएको छ । लिलाम गर्ने सम्पूर्ण समानहरुको जम्मा न्युनतम मूल्य रु.४,८८,६००।- र त्यसमा नियमानुसारको मूल्य अभिवृद्धि कर १३ प्रतिशत ले हुन आउने रकम रु.६३,५१८/- जोडी जम्मा रु.५,५२,११८/- कायम गरिएको छ । साथै सूचनाको विस्तृत जानकारीको लागी कार्यालयको website www.gpo.gov.np मा हेर्न सकिनेछ ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**हुलाक सेवा विभाग**
**गोश्वारा हुलाक कार्यालय**
**सुन्धारा, काठमाडौं**
**हुलाक वस्तुहरु लिलाम सम्वन्धी शिलवन्दी वोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७६।०२।०६**
**दोश्रो पटक प्रकाशित मिति २०७६।०३।०६**

यस कार्यालय अर्न्तगत शाखाहरुमा आन्तरिक तथा वाह्य रुपमा प्राप्त भएका हुलाक वस्तुहरु विभिन्न कारणहरुवाट डेलिभरी हुन नसकि लिलाम विकि गर्नुपर्ने भएकाले व्यक्ति,मूल्य अभिबृद्धि कर र आयकर दर्ता प्रमाण पत्र प्राप्त रजिष्टर्ड फर्म, कम्पनीहरु वा संस्थामध्येबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र रु.१० को टिकट टाँसी यस सूचनामा उल्लखित शर्तहरुको अधिनमा रही रीतपूर्बकको वोलपत्र खरिद गरी नियमानुसार शिलवन्दी वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१) यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट रु. १०००।-(फिर्ता नहुने गरी) तिरी वोलपत्र फारामहरु खरिद गर्न सकिनेछ ।
२) यसरी खरिद भएका वोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन भित्र दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । म्याद भित्र दाखिला भएका वोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० बजे वोलपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिने छ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३) वोलपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन विदा परेमा सो को लगतै कार्यालय खुलेका दिन उक्त कार्य हुनेछ ।
४) वोलपत्र साथ वोलपत्र दाताले आफूले कबोल गरेको रकमको १० % प्रतिशतका दरले हुन आउने कूल एकमुष्ठ रकम कोष तथा लेखा नियन्त्रकको कार्यालय भुक्तानी केन्द्र नं. १ त्रिपुरेश्वरको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकु शाखामा रहेको धरौटी खाता नं. १७००२०३ र कार्यालयको कोड नं. २७-३५८-०६ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।
५) वोलपत्र साथ अध्याबधिक फर्म/ कम्पनी दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाण पत्रका प्रतिलिपि अनिबार्य रुपमा संलग्न गरेको हुनुपर्छ । तर व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ ।
६) वोलपत्र फाराममा दर स्पष्ट बुझिने गरी अंकमा र अक्षरमा लेख्नु पर्ने छ । अंक र अक्षरको दर फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
७) रीत नपुगेको वा म्याद नाघी आएको तथा न्युनतम मूल्य भन्दा घटि अंकित भएको वा शर्त सहितको वोलपत्रउपर कुनै कारवाही हुनेछैन् ।
८) वोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार यस कार्यालयमा निहीत रहने छ ।
९) लिलाम गर्ने सम्पूर्ण समानहरुको जम्मा न्युनतम मूल्य रु.४,८८,६००।- र त्यसमा नियमानुसारको मूल्य अभिवृद्धि कर १३ प्रतिशत ले हुन आउने रकम रु.६३,५१८/- जोडी जम्मा रु.५,५२,११८/- कायम गरिएको छ ।
१०) सम्वन्धित इच्छुक व्यक्तिले लिलाम हुने वस्तु हेर्न चाहेमा यस कार्यालयको पुलिन्दा शाखामा सम्पर्क राख्नु पर्ने छ ।
११) उक्त सूचना यस कार्यालयको वेभ साइट www.gpo.gov.np मा हेर्न सकिने वा थप जानकारीको लागी कार्यालयको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।
१२) यसमा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि नियमावली २०६४ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।